नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङ वेशी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या नं. : २०८२/०८३ चलानी नं. : मिति : २०८२/१२/१०

विषय : पूर्व निर्मित घर/भवन अभिलेखिकरण/नियमित गर्ने सम्बन्धमा।

**श्री वडा कार्यालय (सबै),**
**नीलकण्ठ नगरपालिका, धादिङ ।**

प्रस्तुत बिषयमा नीलकण्ठ नगरपालिका क्षेत्रभित्र रहेका पूर्व निर्मित घर/भवन अभिलेखीकरण/नियमित गर्न मिति २०८२/१२/०९ मा प्रकाशित सूचना यसै साथ संलग्न राखी पठाइएको छ। उक्त सूचना अन्तिम पटकको लागि प्रकाशित भएको हुदाँ तोकिएको समय भित्र त्यस वडामा रहेका घर/भवन अभिलेखीकरण /नियमित गर्न बाँकी भएका वाडावासीहरुलाई जानकारी गराउनु हुन अनुरोध छ। साथै म्याद नाघी आउने निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

०८२/१२/१७
इ. कृष्ण लाल श्रेष्ठ
शाखा प्रमुख
भवन तथा वस्ती विकास शाखा

**पुनश्चः**

सार्वजानिक जग्गा,नदि,खोला,राजकुलो,सडक मापदण्ड,राजमार्ग,हाइवेको सेटब्याकभित्र निर्माण भएका कुनै संरचना पनि अभिलेखीकरण गरिने छैन

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङ वेशी, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या २०८२/०८३ मिति : २०८२/१२/०९/

# पूर्व निर्मित भवन अभिलेखिकरण सम्बन्धी सूचना !!!

नीलकण्ठ नगरपालिका क्षेत्रभित्र रहेका पूर्व निर्मित भवन अभिलेखीकरण गर्न मिति २०८०/०४/२४ मा प्रकाशित सूचना पश्चात पनि विविध कारणवश छुट भएका पूर्व निर्मित भवनहरु '' **बस्ति विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२''** लागु हुनु पूर्व निर्मित भवनहरु तथा नगरपालिकाको क्षेत्र विस्तार भई आएका साविकका गा.वि.स.हरुबाट निर्माण स्वीकृत प्राप्त निजि भवनहरु साथै नीलकण्ठ नगरपालिका क्षेत्रभित्र रहेका पुर्व निर्मित सरकारी कार्यालय/अर्धसरकारी कार्यालय/संघ-सस्था /सहकारी/ सरकारी,सामुदायिक तथा निजि बिद्यालयहरु समेतको भवन अभिलेखीकरण तथा भवन नियमित गर्न मिति २०८३ साल असोज १५ गते सम्म आएको निवेदनको मात्र मिति २०८३ असोज मसान्त सम्म भवन अभिलेखीकरण तथा भवन नियमित गर्ने गरी पुन: सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना अन्तिम पटकको लागि प्रकाशित भएको हुदाँ सम्बन्धित सबैलाई तपशिल बमोजिमको आवश्यक कागजपत्र लिई उक्त सुचनाको म्याद भित्र भवन अभिलेखीकरण/भवन नियमित गर्न जानकारी गरिन्छ। साथै म्याद नाघी आउने निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

**तपशिल:**

१.नागरिकताको प्रतिलिपि

२.जग्गाधनी प्रमाण-पुर्जा

३.चारकिल्ला

४.सम्बन्धित वडाको जनप्रतिनिधि र स्थानीयको रोहवरमा फिल्ड निरीक्षण गरी पठाएको सर्जिमिन मुचुल्का

५.जग्गाको मालपोत कर तिरेको रसिद

६.नगरपालिकामा सुचिकृत Consultancy बाट तयार पारिएको घरको नक्शा -२ प्रति

७.जग्गाधनीको पासपोर्ट साईजको फोटो - ३ प्रति

८.पुरै मोहडा र तल्ला देखिने गरि घरको फोटो

९ .कित्ता नम्बर स्पष्ट देखिने कित्तानापी नक्शा

२०८२/१२/०९

प्रमुख प्रशासकीय अधिकृत

**पुनश्च:**

सार्वजानिक जग्गा,नदि,खोला,राजकुलो,सडक मापदण्ड,राजमार्ग,हाइवेको सेटब्याकभित्र निर्माण भएका कुनै संरचना पनि अभिलेखीकरण गरिने छैन।